नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी वल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया, कैलाली**

(आर्थीक प्रशासन शाखा)

**राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. APF/SQ/G/02/077/078**

सूचना प्रकाशित मितिः-२०७७।१२।०६ गते ।

१. आ.ब. २०७७/०७८ मा सशस्त्र प्रहरी बल, नेपालको लागि आवश्यक भएका देहाय बमोजिमका मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य दरभाउपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | दरभाउपत्र आव्हान सूचना नं. | मालसामानको विवरण | परिमाण तथा इकाई | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | APF/SQ/G/02/077/078 | मेशिनरी सामानहरु (Point-to-Multipoint Radio, Fix Camera, Motorizer Camera, 8 Ch NVR with 2TB HDD, Media Converter, Display 24", Tiffin Box, Outdoor Pole Box and GI wire) | दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम | १,०००/- | ५०,०००/- | |

२. दरभाउपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरी यस कार्यालयमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७७/१२/२० गते कार्यालय समय भित्र उल्लिखित सामानहरुको दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्रसाथ को.ले.नि.का, कैलालीको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धनगढी, स्थित धरौटी खाता नं. ४१७०१००१०२०३०००० ख ३, यस कार्यालयको कोड नं. ३१४०५७७०४ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा दरभाउपत्रको मान्य अवधि (४५ दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात ७५ दिन हुनु पर्नेछ।

४. मिति २०७७/१२/२२ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्रहरु मिति २०७७/१२/२२ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाता वा निजहरुको वारेश प्रतिनिधिहरु एवं खोलुवा समितिको रोहवरमा आर्थीक प्रशासन शाखामा खोलिने छ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ। यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।

७. कुनै वा सबै सिलबन्दी दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. दरभाउपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३, सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं. ०९१-५५०४७० मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको **website.www.apf.gov.np** मा समेत हेर्न सकिने छ ।

(प्रविण कुमार श्रेष्ठ)
सशस्त्र प्रहरी नायव महानिरीक्षक
बाहिनीपति